# मोरङको पत्रपत्रिकाको इतिहास

प्रमोद प्रधान

## पृष्ठभूमि

मोफसलको पत्रकारितावारे चर्चा गर्नुअघि 'मोफसल' शव्दलाई परिभाषित गर्न जरूरी छ। 'मोफसल' भन्ने शव्दवाट हामी 'साधन र सुविधाविहीन ठाउँ' भन्ने अर्थ वुझ्छौं। सरकारी स्वामित्वमा रहेको प्रेस काउन्सिल नेपालले आफ्ना प्रतिवेदनहरूमा काठमाडौं उपत्यकाका तीन जिल्ला काठमाडौं, ललितपुर र भक्तपुरवाहेक अन्य जिल्लालाई 'मोफसल' भनी स्वीकार गरेको पाइन्छ।

काठमाडौं उपत्यकाका तीन जिल्लावाहेक अन्यत्रवाट सर्वप्रथम कहिले, कहाँ, कुन-कुन पत्रपत्रिका निस्के- त्यसको वृहत् खोजी र अनुसन्धान अझै भएको छैन। तथापि वीरगञ्जवाट २००८ साल साउन, श्यामप्रसाद शर्माको सम्पादनमा *सेवा*मा भद्रपुरवाट २०१० साल मङ्सिर १२ गते श्यामकृष्ण उपाध्यायको सम्पादनमा *केटो* पाक्षिक, विराटनगरवाट २०१२ साल मङ्सिरमा हदराज वोहराको सम्पादनमा *हुरी साप्ताहिक*, वुटवलवाट २०१२ सालमा परीक्षितप्रसाद लाकौल, मदनवहादुर प्रधान, सूर्यलाल, ओमशङ्कर, द्रोणराज जोशीको सम्पादनमा *वुटवल*, नेपालगञ्जवाट २०११ सालमा स्व. महावीरप्रसाद गुप्ताको सम्पादनमा *नयाँ सन्देश* (हिन्दी), पाल्पावाट अजम्वरध्वज खातीको सम्पादनमा २०१४ साल असारमा *नयाँ किरण* साप्ताहिकजस्ता पत्रपत्रिका निस्किएका देखिन्छन्। समयको गति सँगसँगै पुराना पत्रिकाहरू वन्द हुने र नयाँ पत्रिका प्रकाशित हुने क्रम अनवरत् रूपमा चलिरहेको पाइएको छ भने अहिले त दुर्गम मानिने कतिपय जिल्लावाट पनि पत्रपत्रिका प्रकाशित हुने क्रम वढ्दो छ।

## मोरङमा पत्रकारिताको थालनी

मोरङ जिल्ला अधिराज्यका अन्य जिल्लाहरूको तुलनामा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक लगायत सम्पूर्ण क्षेत्रमा सचेत, अग्रणी र महत्त्वपूर्ण जिल्लाका रूपमा रहेको छ। यस परिप्रेक्ष्यमा पत्रकारिताका दृष्टिवाट अध्ययन गर्दा प्रकाशनका दृष्टिले पनि मोरङ यस क्षेत्रमा अग्रणी नै देखिएको छ।

मोरङ जिल्लावाट सर्वप्रथम प्रकाशित पत्रिका हदराज वोहराको सम्पादन/प्रकाशनमा निस्केको *हुरी* साप्ताहिक नै भएको आजसम्मको अन्वेषणले वताउँछ। सन् १९५५ नोभम्वर २८ मा उक्त पत्रिकाको पहिलो अङ्क प्रकाशित भएको देखिन्छ। मो.वि.गो.मा २०७६ नं.मा दर्ता भै नेपाली भाषामा प्रकाशित उक्त पत्रिका जम्मा ३८ अङ्क प्रकाशित भै तत्कालीन सरकारद्वारा मागिएको रू. एक हजार जमानत तिर्न नसकी वन्द भएको थियो। यो पत्रिकाको जन्म २८ नोभेम्वर १९५५ मा श्री हृदयराज

वोहराको सम्पादन तथा प्रकाशनमा भयो (देवकोटाः २०२४: ५३९)। देवकोटाले उक्त पत्रिकाको विवरण यसरी दिएका छन्- *हुरी*- मो.वि.गो.द.नं. २०७६ भाषा-नेपाली, एक प्रतिको मूल्य-एक आना, सं. श्री हृदयराज वोहरा पहिलो अङ्क- २००७/११/४ मा प्रकाशित भै २००८/७/८ वर्ष-१ सङ्ख्या-३८ सम्म प्रकाशित (देवकोटाः २०२४: ५९३)। यसरी अगाडिको पृष्ठमा उल्लिखित १९५५ नोभेम्वरलाई विक्रमसम्वत्मा परिवर्तन गर्दा २०१२ साल मङ्सिर हुन आउँछ। जवकि पछिल्लो पृष्ठमा २००७/११/४ मा पहिलो अङ्क प्रकाशित भएको उल्लेख छ। तर उक्त पत्रिकाको प्रकाशनको प्रारम्भ २००७ साल फागुन ४ मा भएको कुरा गलत हो। त्यस्तै उहाँले *हुरी*को सम्पादकमा हृदयराज वोहराको नाम उल्लेख गरेको पाइए पनि उक्त पत्रिकाको सम्पादकको नाम 'हदराज वोहरा' नै हो। *नेपाली छापाखाना र पत्रपत्रिकाको इतिहास*लाई आधार मानेर लेखिएका पत्रकारितासम्वन्धी पछिल्ला कृतिहरू, लेख एवं कार्यपत्रहरूमा भने अझै *हुरी*को प्रकाशन मिति र सम्पादकको नाम गलत नै प्रयोग हुने गरेको पाइएको छ। सो पत्रिका नै हेरेमा यथार्थ जनकारी हुनेछ।

## पत्रपत्रिकाको बढ्दो सङ्ख्या

*हुरी*को प्रकाशन सुरु भएको लगत्तै प्रकाशन मण्डलको प्रकाशन र कमलप्रसाद घिमिरे, वीरप्रसाद श्रेष्ठ र डम्वरवहादुर कार्कीको संयुक्त सम्पादनमा मो.वि.गो.द.नं. २०८२ राखी *उज्यालो* साप्ताहिक पत्रिकाको पहिलो अङ्क २०१२ साल मङ्सिर ११ गते प्रकाशित भएको देखिन्छ। उक्त पत्रिकाको दोस्रो अङ्क सोही महिनाको २४ गते निस्केपछि सधैंका लागि अँध्यारोमा विलीन हुन्छ-*उज्यालो*।

*हुरी*कै आकार-प्रकार र स्तम्भ लिएर *हुरी*कै सम्पादक/प्रकाशक हदराज वोहराको सम्पादन/प्रकाशनमा वि.सं. २०१२ माघ ८ गते *आँधी* साप्ताहिक तथा त्रिलोकचन्द्र कपूरको सम्पादन र नारायणप्रसाद कोइरालाको प्रकाशनमा वि.सं. २०१२ माघ १८ गते *चेतना* साप्ताहिक प्रकाशित हुन थाले पनि दुवैको आयु लामो हुन सकेन। आँधी जम्मा-१९ अङ्क निस्केर वन्द हुन पुग्यो। मोरङ जिल्लावाट निस्केको पाँचौं साप्ताहिक पत्रिका राजेन्द्रप्रसाद नेपालको सम्पादन/प्रकाशनमा प्रकाशित *विश्वदर्शन* हो। उक्त पत्रिकाको पहिलो अङ्क २०१४ वैशाख १ गतेका दिन निस्केको र २०१४ पुस १६ गतेसम्म १७ अङ्क प्रकाशित भई वन्द भएको थियो। पछि २०१८ वैशाख १ गतेदेखि सो पत्रिका पुनः प्रकाशित हुन थाले तापनि २०१८ माघ १६ गते १८ औं अङ्क निस्केपछि भने सधैंका लागि वन्द भयो।

यतिञ्जेल मोरङ जिल्लावाट केवल साप्ताहिक समाचारपत्र मात्रै प्रकाशित हुँदै आएकोमा वि.सं. २०१४ मङ्सिर १ गते कमलप्रसाद घिमिरेको सम्पादन/प्रकाशनमा पहिलो दैनिक पत्रिकाको रूपमा *फिलिङ्गो*को प्रकाशनारम्भ भयो। यो पत्रिका विराटनगरवाट केवल ५६ अङ्क मात्र प्रकाशित भएको देखिन्छ। त्यसपछि २०१५ असार ६ मा काठमाडौंमा दर्ता भै त्यहींवाटै प्रकाशित हुन थालेको देखिन्छ। यसपछि रघुनाथ ठाकुरको सम्पादनमा *राजहंस*, शैलेन्द्रकुमार उपाध्यायको सम्पादनमा *जनमत* र कोशराज रेग्मीको सम्पादनमा *जनवार्ता* साप्ताहिक पत्रिका दर्ता भएर प्रकाशित हुन

थालेका देखिन्छन्। मोरङ जिल्लावाट प्रकाशित हिन्दी भाषाको पहिलो पत्रिका *राजहंस*को पहिलो अङ्क निस्केको मिति थाहा हुन नसके पनि तेस्रो अङ्क चाहिँ २०१४ साल पुस १ गते प्रकाशित भएको *नेपालको छापाखाना* र *पत्रपत्रिकाको इतिहास*वाट थाहा पाइन्छ। *जनमत* पनि *राजहंस* झैं हिन्दी भाषामा नै २०१५ वैशाख २९ गतेदेखि प्रकाशन हुन थालेको र २०१५ मङ्सिरमा २२ औं अङ्क निस्केपछि वन्द भएको देखापर्छ। पत्रिकाको अनुपलव्धताका कारण *राजहंस* कति अङ्कसम्म प्रकाशित भयो थाहा हुन सकेन।

यसैगरी २०१५ साल असार ८ गतेदेखि सम्पादक कोशराज रेग्मी र प्रकाशक जगतमोहन अधिकारी रही प्रकाशित हुन थालेको *जनवार्ता* साप्ताहिक भने २०१५ असोज २५ मा ११ औं अङ्क प्रकाशित भै वन्द हुन पुगेको थियो। त्यसवेला यस पत्रिकाको दर्ता नं. मो.वि.गो. १५/७७, ९४ रहेको देखिन्छ। तर यो पत्रिका मो.वि.गो.द. नं. ५१२३ मा पुनः दर्ता भै वि.सं. २०२० साल कार्तिक ५ गतेदेखि नियमित रूपमा प्रकाशित हुँदै २०२५ सालदेखि दैनिक भै निस्कन थाल्यो। प्रारम्भमा लेटर प्रेसवाट प्रकाशित हुँदै आएको *जनवार्ता* २०५४/५५ देखि अफसेट प्रविधिमार्फत प्रकाशित हुनथालेको भएपनि यसले आफ्नो पुरानो गौरव 'नियमितता'लाई भने कायम राख्न सकेको देखिँदैन। मोरङ जिल्लावाट सवैभन्दा लामो आयु लिएर निस्केको पत्रिकाको रूपमा भने *जनवार्ता*को आफ्नै प्रकारको इतिहास छ।

दैनिक पत्रिकाको रूपमा केशवप्रसाद आचार्यको सम्पादन/प्रकाशनमा २०१७ साल असोज २८ गतेदेखि प्रकाशन प्रारम्भ भएको *घटना* ३८ अङ्क प्रकाशित भएपछि वन्द भएको देखिन्छ।

देशमा २००७ सालको जनक्रान्तिले खोलेको स्वतन्त्रताको ढोकाको कारण मोरङ जिल्लामा पत्रकारिताको प्रारम्भ भएको कुरामा दुई मत छैन। २००७ सालदेखि २०१७ सालको दस वर्षको अवधिमा मोरङ जिल्लावाट निस्केका समाचारमूलक पत्रपत्रिकाको सङ्ख्या १० रहेको छ। वि.सं. २०१७ को राजनीतिक परिवर्तनपश्चात् देशमा पञ्चायती व्यवस्थाको प्रादुर्भाव भयो र वहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई समाप्त पारियो। जनताको वाक तथा प्रकाशन स्वतन्त्रता माथिको वन्देजका कारण २०१७ सालदेखि जनमत सङ्ग्रहको घोषणा नहुञ्जेलसम्म (२०३६) को अवधिमा मोरङ जिल्लावाट पत्रपत्रिकाको प्रकाशनमा कुनै किसिमको उत्साह र गति देखिएन। यस अवधिमा मोरङ जिल्लावाट प्रकाशित पत्रपत्रिकाको सङ्ख्या केवल आधादर्जन रहेको छ।

वि.सं. २०१७ को राजनीतिक परिवर्तनपछि दर्ता भएको पहिलो पत्रिका *निर्माण* दैनिक हो। राजेन्द्रप्रसाद नेपाल र सुरेशकुमार अधिकारीको संयुक्त सम्पादनमा २०१९ साल मङ्सिर ८ गते पहिलो अङ्क प्रकाशित भएको देखिए पनि यसवारे अन्य कुरा थाहा हुनसकेको छैन। तर यसले पनि लामो आयु पाउन नसकेको चाहिँ निश्चित छ। यद्यपि यही नामको पत्रिका सुरेशकुमार अधिकारीको सम्पादनमा २०१८ साल माघ २३ गते पनि प्रकाशित भएको पाइन्छ। यसको प्रकाशक गुणराज सुवेदी हुनुहुन्थ्यो। पहिलेको दर्ता नं. मो.वि.गो.द.नं. ४३७८ थियो भने पछिल्लोको दर्ता नं. मो.वि.गो.द.नं. ७/७३३ थियो।

त्यसपछि मोरङ जिल्लावाट प्रकाशित अर्को पत्रिकाको नाम हो *हिमालचुली*। विपिनदेव ढुङ्गेलको सम्पादन एवं प्रकाशनमा २०१९ साल माघ १ गतेदेखि निस्केको *हिमालचुली* श्री ढुङ्गेलको निधनपछि उहाँकै ज्येष्ठ सुपुत्र ठाकुरदेव ढुङ्गेलको सम्पादन एवं प्रकाशनमा केही वर्ष निस्केकोमा हाल वन्द छ। वि.सं. २०४५ मा विपिनदेव ढुङ्गेलको निधन भए पश्चात् ठाकुरदेव ढुङ्गेलले सञ्चालन गरेको *हिमालचुली*लाई पछि अफसेट प्रविधिवाट मुद्रण गर्नथाले पनि नियमितता भने दिन सक्नुभएन। *हिमालचुली*को दर्ता नं. सुरुमा मो.वि.गो. ५४४७ लेखिएकोमा पछिल्ला अङ्कहरूमा भने अं.द.नं. ५४४७/१९ छापिने गरेको पाइएको छ।

मोरङ जिल्लावाट पहिलो पाक्षिक पत्रिकाको रूपमा दर्ता भै प्रकाशन हुने पत्रिका *युवक आवाज* हो। कुमारवहादुर श्रेष्ठ सम्पादक र नेपाल युवक सङ्गठन, मोरङ प्रकाशक रही को.अं. द.नं. २९/०२४ मा दर्ता भै २०२४ सालमा पहिलो अङ्क निस्केको सो पाक्षिक आफ्नो प्रकाशनको तेस्रो वर्ष अर्थात् २०२६ साल कार्तिक २० मा ४० औं अङ्क प्रकाशित भै वन्द भएको थियो। यसैगरी जीतवहादुर अर्जेल सम्पादक र विराटनगर नगर पञ्चायत प्रकाशक भै पाक्षिक रूपमा निस्किन थालेको *नगर प्रकाश*को पहिलो अङ्क २०२४ साल पुस १ गते प्रकाशित भएको थियो। को.अं.का.द.नं. ३०/०२४-२५ रहेको सो पत्रिका २०२५ पुस ६ मा वर्ष २ अङ्क ५ प्रकाशित भै वन्द भएको देखिन्छ। तर *युवक आवाज* र *नगर प्रकाश* दुवै संस्थागत प्रकाशन भएकाले यिनीहरू दुवै *मुखपत्र*का रूपमा मात्र सीमित रहेका पाइन्छन्।

मोरङ जिल्लाको पत्रकारिताको इतिहासमा अङ्कित अर्को महत्त्वपूर्ण पत्रिका *कोसेली*को पहिलो अङ्क २०२६ कार्तिक २४ गते नारदप्रसाद ओझाको प्रधान सम्पादनमा निस्केको देखिन्छ। को.अं.द. ४९७६६ मा दर्ता भै कुमारवहादुर श्रेष्ठ र नारदप्रसाद ओझाको संयुक्त प्रकाशनमा पत्रिका निस्कन थालेको *कोसेली*को सम्पादकमा केही समयपश्चात् दुवै जना रहनु भएकोमा २०३५ भाद्रदेखि भने पत्रिकाको सम्पूर्ण स्वामित्व कुमारवहादुर श्रेष्ठमा हस्तान्तरण भै उहाँ नै सम्पादक र प्रकाशक रहनुभयो। आफ्नो प्रकाशनको थालनी भएको सत्रौं वर्ष प्रवेशसँगै २०४२ कार्तिक १७ गतेदेखि *कोसेली* दैनिकका रूपमा प्रकाशित हुन थाल्यो र अहिले पनि नियमित रूपमा प्रकाशित भइरहेको छ। कुमारवहादुर श्रेष्ठको २०५३ फागुन २४ मा निधन भएपछि यस पत्रिकाको प्रधान सम्पादक श्रीमती पार्वती श्रेष्ठ हुनुहुन्छ। आफ्नो जीवनकालको तेत्तीसौं वर्षमा हिंडिरहेको *कोसेली* अझै पनि लेटरप्रेसको मुद्रण प्रविधिवाटै हिंडिरहनु चाहिँ विडम्वना नै मान्नुपर्छ। यहाँनेर भीम उदास सम्पादक र कोशी अञ्चल समिति प्रकाशक रहेर निस्केको *कोसी* साप्ताहिकको पनि उल्लेख गर्नु जरुरी छ। २०२७ जेठमा पहिलो अङ्क निस्केको *कोसी* वीचमा लामो समयको विश्रामपछि रमेश भट्टराई 'पाखे'को सम्पादनमा निस्केको भए पनि फेरि वन्द भएको छ।

वि.सं. २०३६ नेपालकै इतिहासको एक अत्यन्त महत्त्वपूर्ण मोड हो र २०३६ सालपछि पत्रकारिताको क्षेत्रमा पनि एकप्रकारले नयाँ उत्साह र जाँगर देखा पर्‍यो। सात सालदेखि २०३५ सालसम्मको २८ वर्षको अवधिमा १६ ओटा पत्रपत्रिकामात्र देखिएको मोरङ जिल्लामा तत्पश्चात् पत्रिका दर्ताको होडवाजी सँगसँगै विना दर्ता

पत्रिका प्रकाशित गर्ने क्रम पनि तीव्र रूपमा चल्यो।। जनमत सङ्ग्रहको घोषणापछि छापाखाना तथा पत्रपत्रिका प्रकाशन ऐनमा भएको सीमित सुधार, शाही प्रेस आयोगको गठन जस्ता कुराले पनि यस क्षेत्रमा आकर्षण बढ्न थालेको अनुभव भयो। २०३६ को खुला वातावरणको निर्वाध उपभोग गर्दै विना दर्ता पत्रपत्रिका निकाल्ने कार्य तीव्रताका साथ भएकोमा २०३९ पछि पत्रिका दर्ता गराउने कार्य त एकप्रकारले प्रतिस्पर्धात्मक रूपमै हुनथाल्यो। त्यसैले वि.सं. २०३६ मा समाचारपत्रहरू धेरै दर्ता भएको देखिन्न। दर्ता भै प्रकाशित भएका *सिर्जना* मासिक २०३६ जेठ, *गौरव* मासिक २०३६ भदौ र अवधि उल्लेख नभएको *सिर्जना* २०३६ मङ्सिरमा निस्केका छन्। *सिर्जना* मासिकको दर्ता नं. ८/०३५-३६, *गौरव* मासिकको दर्ता नं. ९/०३६-३७ र अवधि उल्लेख नभएको *सिर्जना*को दर्ता नं. १०/०३६-३७ रहेको छ। यीमध्ये जयप्रसाद दाहालको प्रधान सम्पादन एवं प्रकाशनमा २०३६ भदौ ४ गते पहिलो *अङ्क* प्रकशित मासिक *गौरव* २०४३ वैशाख १ गतेदेखि साप्ताहिक समाचारपत्रका रूपम प्रकाशित हुन थालेको देखिन्छ। यो पत्रिका पनि अहिले वन्द भइसकेको छ।

आर्थिक वर्ष २०३९/०४० मा भने सर्वाधिक अढाई दर्जन पत्रपत्रिका दर्ता भएका देखिन्छन्। यिनमा धेरैजसो समाचारपत्र छन् भने केही लेखरचनाप्रधान पत्रिका छन्। आर्थिक वर्ष ०३९/४० मा दर्ता भै प्रकाशित हुन थालेका पत्रिका हुन्- *नेपाल खवर* (दैनिक), *तेस्रो विश्व* (साप्ताहिक), *एसिया पोस्ट* (पाक्षिक, अङ्ग्रेजी), *जनजीवन* (साप्ताहिक), *पूर्वाञ्चल खवर* (पाक्षिक), *स्वतन्त्र नेपाल* (पाक्षिक), *साप्ताहिक नेपाल, युगदर्पण* (साप्ताहिक), मन्दिरा (पाक्षिक), जनआवाज (साप्ताहिक), *पुष्पाञ्जलि* (साप्ताहिक), *युगवाणी* (साप्ताहिक), *पर्वत* (साप्ताहिक), *आर्थिक समाचारपत्र* (पाक्षिक), *घटना* (साप्ताहिक), *ऋचा टाइम्स* (पाक्षिक, अङ्ग्रेजी), *साथी* (मासिक), *नवज्योति* (साप्ताहिक), *शुक्रवार* (साप्ताहिक), *जनपद* (साप्ताहिक), *जनसेवा* (पाक्षिक), *पूर्वक्षितिज* (मासिक), *युवाआवाज* (द्वैमासिक), *दिग्दर्शन* (साप्ताहिक), *साप्ताहिक वहस*। यी पत्रिकामध्ये २०३९ असोजको पहिलो पक्षमा प्रकाशित *पूर्वाञ्चल खवर* पाक्षिकले २०४१ श्रावणको पहिलो सातादेखि र २०३९ कार्त्तिकको पहिलो पक्षमा प्रकाशित *स्वतन्त्र नेपाल* पाक्षिकले २०४२ कार्तिक ८ गतेदेखि आफूलाई साप्ताहिक रूपमा निकाल्न थाले। वि.सं. २०३९ को कार्त्तिक महिनाको दोस्रो पक्षमा पहिलो अङ्क निस्केको *ऋचा टाइम्स*ले २०४० कार्तिक २१ गतेदेखि आफूलाई नेपाली भाषामा प्रस्तुत गर्न थाल्यो। अन्ततोगत्वा २०४१ श्रावणको पहिलो सातादेखि साप्ताहिक पत्रिकाको रूपमा रूपान्तरित गऱ्यो। प्रारम्भमा *राजनीतिक उन्मुख पत्रिका*का रूपमा निस्केको *पूर्वक्षितिज*ले पछि आफूलाई 'सामान्यज्ञानसम्वन्धी पत्रिका' घोषणा गरी तदनुरूप निस्कन थाल्यो र केही समय साप्ताहिकका रूपमा पनि प्रकाशित भयो। माथि उल्लिखित पत्रिकामध्ये *आर्थिक समाचारपत्र* मोरङ जिल्लाकै पहिलो अर्थसम्वन्धी पत्रिका हो भने *युवाआवाज* द्वैमासिक नेपाल युवक सङ्गठन, जिल्ला कार्यसमिति, मोरङको मुखपत्रका रूपमा निस्कने गर्थ्यो।

वि.सं. २०४० देखि प्रजातन्त्र पुनर्स्थापना अघिसम्मको अवधिमा भने मोरङ जिल्लामा दर्ता भएका पत्रिकाको सङ्ख्या केवल एक दर्जन रहेको छ। प्रजातन्त्रको

पुनर्स्थापनापछिको करिव १२ वर्षको अवधिमा मोरङमा दैनिक-१५, साप्ताहिक-३६, पाक्षिक-११, मासिक-७, त्रैमासिक-१ र अर्धवार्षिक-१ गरी दर्ता भएका पत्रपत्रिकाको सङ्ख्या ७३ रहेको छ। साथै, यस पङ्क्तिका लेखकले सङ्कलन गरेको सूचीअनुसार मोरङ जिल्लावाट दर्ता भै वा नभै दैनिक-२४, साप्ताहिक-६७, पाक्षिक-२३, मासिक-२७, द्वैमासिक-७, त्रैमासिक-१८, अर्धवार्षिक-४, वार्षिक-९, सामयिक-६८ र अन्य-३ गरी जम्मा २५० पत्रिका प्रकाशित भएका छन् र यसमा कतिपय पत्रिका उल्लेख नभएको पनि हुनसक्छ। यसरी २००७ सालको जनक्रान्तिपछि २०५८ सालको मङ्सिरसम्मको करिव ५१ वर्षको अवधिमा यतिका सङ्ख्यामा पत्रपत्रिका निस्केपनि मोरङमा सङ्ख्यात्मकवाहेक पत्रकारिताको विकासमा गुणात्मक उपलब्धि भने देखिँदैन। किन...? यो प्रश्न नै अहिलेको मुख्य प्रश्न हो र यसैको जवाफ खोज्ने प्रयास यहाँ गरिएको छ।

## २०४६ सालपछिको पत्रपत्रिकाको स्थिति विश्लेषण

वि.सं. २०४६ मा देशमा प्रजातन्त्रको पुनर्स्थापना भएपछि देखापरेको राजनीतिक स्वतन्त्रता र मानव अधिकारका प्रत्याभूतिको प्रत्यक्ष एवं सकारात्मक प्रभाव पत्रकारिता क्षेत्रमा देखा पर्‍यो र त्यो स्वाभाविक पनि थियो। पत्रकारिताको विकास एवं विस्तारका लागि पहिलो अनिवार्य शर्तका रूपमा रहेको 'प्रेस स्वतन्त्रता'लाई नेपाल अधिराज्यको संविधान-२०४७ को भाग-३ मौलिक हक अन्तर्गत् व्यवस्था भएको धारा-१३ को 'छापाखाना र पत्रपत्रिकासम्वन्धी हक'ले प्रत्याभूति गरेको छ। सो हक अन्तर्गत् तीनओटा महत्त्वपूर्ण कुरा समावेश छन्–

१. कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्नु पूर्व प्रतिवन्ध लगाइने छैन।
२. कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री मुद्रण गरेवापत छापाखाना वन्द वा जफत गरिने छैन।
३. कुनै समाचार, लेख र अन्य कुनै पाठ्यसामग्री प्रकाशित गरेवापत कुनै समाचारपत्र वा कुनै पत्रिकाको दर्ता खारेज गरिने छैन।

वास्तवमा, यी तीन संवैधानिक प्रत्याभूतिले व्यावसायिक पत्रकारिताका लागि वाटो खोलिदिएको हुनाले मोरङ जिल्लामा पनि २०४६ सालपछिका करिव १२ वर्षको अवधिमा दर्ता भएका पत्रपत्रिकाको सङ्ख्या ७३ पुगेको छ। माथि उल्लेख गरे अनुसार मोरङ जिल्लावाट दर्ता भै वा दर्ता नभै वि.सं. २००७ देखि २०५८ मङ्सिरसम्मको ५१ वर्षको अवधिमा प्रकाशित २५० पत्रपत्रिकामध्ये प्रजातन्त्रको पुनर्स्थापनापछिका १२ वर्षमा निस्केको पत्रिकाको सङ्ख्या मात्रै ७३ हुनु आफैंमा एक महत्त्वपूर्ण र उल्लेखनीय तथ्य हो। प्रतिशतका हिसावले हेर्दा यो सङ्ख्या २९.२ प्रतिशत हुन आउँछ। तर पत्रिका दर्ता गर्नमा देखिएको यो उत्साह र सक्रियता पत्रिकाका प्रकाशनमा भने देखा नपर्नु अर्को विडम्वनाको रूपमा रहेको छ।

मोरङ जिल्लामा अर्धशताब्दीको पत्रकारिता यात्रामा व्यावसायिक पत्रकारिताका लागि प्रयास पटक्कै नभएको चाहिँ होइन। तर कतिपय कारणले ती प्रयासहरू दिगो भने हुन सकेनन्। वि.सं. २०४६ पछि दर्ता भएका पत्रपत्रिकाको लामो सूचीमध्ये *उद्घोष, विराट नेशनल टाइम्स, श्री देउराली* र *चिरफार* जस्ता पत्रिकाहरूले व्यावसायिक पत्रकारितातर्फ आफ्नो रुचि देखाए पनि यी सवै पत्रिकाको आयु न्यूनतम् ६ महिनादेखि अधिकतम् ३ वर्षसम्म मात्र रह्यो।

युवा पत्रकार मोहन भण्डारीको सम्पादन एवं सौजन्य प्रकाशन प्रा.लि.को प्रकाशनमा प्रजातन्त्र पुनर्स्थापना भएको पाँचौ महिनामै दर्ता भै प्रकाशन प्रारम्भ भएको *उद्घोष*ले आफ्नो आयु एक वर्ष लामो पनि पार्न सकेन। अर्का युवा पत्रकार कृष्ण पोखरेलसमेतको सक्रिय संलग्नतामा निस्केको *उद्घोष* समाचार, भाषाशैली, स्तम्भ, सजावट सवै दृष्टिवाट स्तरीय रूपमा निस्कने प्रयासमा लागेको देखिन्थ्यो र क्रमशः अरू स्तरीय हुँदै जाने विश्वास गर्न सकिने स्थितिमा थियो। किनभने दुवै जना सक्रिय र कलम भएका पत्रकार थिए, तर दुर्भाग्यवश यो पत्रिका एक वर्ष नपुग्दै वन्द भयो। यसको कारण थियो आर्थिक समस्या। आर्थिक समस्याका कारणले नै पत्रिका वन्द गर्नुपरेको भनाइ सम्पादकको रहेको छ।

व्यावसायिक रूपमा निस्कन खोजेको अर्को पत्रिका हो– साप्ताहिक *विराट नेशनल टाइम्स*। वि.सं. २०५२ देखि नरेश वरालको सम्पादनमा निस्कन थालेको यो पत्रिका डेढ वर्षको टुकुटुकु हिंड्ने अवस्थामा पुगेर २०५४ कार्तिकदेखि पूर्ण रूपमा वन्द हुनुपग्यो। यसका प्रकाशक युवा उद्योगपति मोती दुगड हुनुहुन्थ्यो र यसलाई आर्थिक समस्या थिएन। तर पनि यो वन्द भयो। यो पत्रिका प्रारम्भमै कम्प्युटर टाइप भै अफसेट प्रविधिवाट निस्केको थियो र विविध स्तम्भ, सजावट, समाचारका दृष्टिले व्यावसयिकतातर्फ उन्मुख देखिन्थ्यो। यसमा आर्थिक समस्या नभएकाले केही व्यक्तिलाई रोजगार दिएरै राखिएको थियो र सम्पादक, समाचारदाता, स्तम्भलेखकहरूलाई पारिश्रमिक पनि दिने गरिएको थियो। तर यस पत्रिकामा संलग्न व्यक्तिहरू पत्रकारिता क्षेत्रमा कार्यरत नभै अन्य क्षेत्रका थिए र उनीहरूमा व्यावसायिक सोचको अभाव देखियो। व्यवस्थापन पक्षमा पनि थुप्रै कमीकमजोरी देखिए। थोरै लगानीमा उपलब्धिपूर्ण रूपमा पत्रिका निकाल्नेभन्दा वढीभन्दा वढीलाई जागिर खुवाउने प्रवृत्ति देखा परेकाले लगानीकर्ता खर्चवाट आत्तिए। वास्तवमा प्रकाशक र सम्पादन-व्यवस्थापनवीच सुरुमै हुनुपर्ने समझदारी र समन्वयको अभाव नै यसको कम आयुको मूल कारण मान्न सकिन्छ।

*श्री देउराली* दैनिक मोरङ जिल्लावाट व्यावसायिक रूपमा निकालिएको महत्त्वपूर्ण पत्रिका भएपनि यसको आयु पनि करिव एक वर्ष मात्र रह्यो। अच्युतप्रसाद वाग्ले सम्पादक र हरि अधिकारी प्रकाशक रहनुभएको यो पत्रिका आर्थिक वर्ष ०५३/५४ र ०५४/५५ को अवधिवीच निस्केको थियो। प्रारम्भमै ठूलो रकम लगानी गरी पचासौं जनालाई रोजगारी दिनुका साथै आफ्नै अफसेट छापाखाना समेतको व्यवस्था भएको यो पत्रिका कुशल व्यवस्थापकीय सीपका अभावमा वन्द हुनुपुग्यो। किनभने यसका सम्पादक एवं प्रकाशक दुवै पत्रकारिता क्षेत्रका सुपरिचित

व्यक्ति थिए। तर व्यवस्थापनतर्फ भने उचित ध्यान दिइएन। त्यसैले एकातिर लगानी सुरुमै अत्यधिक भयो भने दैनिक खर्च धान्न पनि धौधौ पर्ने स्थितिको सिर्जना भयो। प्रशस्त लगानी र सक्षम पत्रकार हुँदाहुँदै पनि *श्री देउरालीले* अकालमै प्राण गुमाउनुपर्‍यो। यसले पाठक वढाउने प्रयास गरे पनि सफलता भने प्राप्त गर्न सकेन।

व्यावसायिक रूपमा निस्कन खोजेको मोरङको अर्को उल्लेखनीय पत्रिका हो *चिरफार* साप्ताहिक। भेषराज लोहनी सम्पादक/प्रकाशक रहनु भए पनि युवा पत्रकार अखण्ड भण्डारीको श्रम, सीप र समर्पण यस पत्रिकामा लागेको थियो। वि.सं. २०५४ मा प्रकाशन प्रारम्भ भएको यो पत्रिका २०५७ वैशाख १६ गतेदेखि वन्द भयो। तर वन्द हुनुअघि वैशाख महिनाको प्रारम्भ सँगसगै यो दैनिक रूपमा निस्कन थालेको थियो। दह्रो आँटसहित विकृति र विसङ्गतिविरूद्ध कलम चलाएर छोटो समयमै चर्चामा आउन र सीमित रूपमै भएपनि आफ्नो वजार वनाउन सफल *चिरफार* पछि आफैवीचको विवाद, मनमुटाव र अन्तर्द्वन्द्वको कारण वन्द हुन पुग्यो।

यी चार पत्रिकावाहेक २०४६ सालपछि दर्ता भै निस्केका पत्रपत्रिकाहरूमा दैनिकतर्फ- *दैनिक सम्वाद, दैनिक पोस्टमैन, दैनिक खवर* (हाल नाम परिवर्तन गरी *पूर्वाञ्चल महानगर* राखिएको), *नमस्ते दैनिक, विहान, दैनिक जिज्ञासा, जनपक्ष, समस्या, मनोकामना, श्रद्धा, विराटनगर टुडे, विराट सन्देश, कोसेली* र *सन्ध्याकालीन विराटनगर* छन्। यी दैनिक पत्रिकामध्ये चारओटा चाहिँ साप्ताहिक पत्रिका चलाउने सम्पादक प्रकाशकहरूकै सम्पादन एवं प्रकाशनमा अनियमित रूपमा निस्कने गरेका छन्। विशेषतः कतिपय विज्ञापन निर्धारित मितिमै छाप्नुपर्ने वाध्यता आइपर्ने हुनाले साप्ताहिक पत्रिकाका सम्पादक/प्रकाशकहरूले छुट्टै दैनिक पत्रिका दर्ता गर्ने गरेका हुन्। मोरङको सवैभन्दा पछिल्लो दैनिक *सन्ध्याकालीन विराटनगरले* प्रारम्भमै आफूलाई नियमित निकाल्न सकेको छैन- यस्तो स्थितिमा यसको भविष्यमा पनि विश्वस्त हुनसक्ने स्थिति छैन।

यसैगरी २०४६ पछि दर्ता भै निस्केका साप्ताहिक पत्रिकाहरूमा *मोरङ, धरणी, करकमल, साप्ताहिक आवाज, नेशनल पोस्ट, निडर, विश्वज्योति, ममता टाइम्स, जनमत, दृष्टान्त, क्रान्तिपथ, ज्योतिष भविष्यवाणी, मोफसल, श्रीचाणक्य, आजको चारतारे, पूर्वज्योति, तीनजुरे, जनाश्रय, गरूड* र *अलकापुरी नेपाल* तथा पाक्षिक पत्रिकाहरूमा *मिथिला टाइम्स, झुल्केघाम, ऐंजेरू, न्यू पाथीभरा, अणिमा, मुचुल्का, राजवंश, छहारी, फुरगन्नी, राष्ट्रिय पञ्चकन्या, राष्ट्रिय मेलमिलाप, राष्ट्रिय तरङ्ग* तथा *सूचना र सञ्चार* छन्। तर यी माथि उल्लेखित कुनै पनि पत्रिका व्यावसायिक रूपमा निस्केका छैनन्। धेरैजसो रहर मेटाउन पत्रिका दर्ता गर्ने गर्छन् र पत्रिका ननिकालेर नै जीवनभर सम्पादक वन्छन्। किनभने पत्रिका ननिस्के पनि नेपाल अधिराज्यको संविधान-२०४७ ले प्रत्याभूति दिएको कारण पत्रिकाको दर्ता खारेज हुँदैन।

वि.सं. २०४६ पछि पत्रिका दर्ता गर्ने क्रममा एउटा नयाँ प्रवृत्ति मोरङमा देखिएको छ। सम्पादक हुनाका लागि स्नातक तह उत्तीर्ण गरेको वा १० वर्ष पत्रकारिता गरेको प्रामाणिक आधार चाहिने व्यवस्था गरिएपछि त्यस्तो योग्यता

नहुने व्यक्तिहरूले आफू प्रकाशक वसेर अर्कैलाई सम्पादक राखी पत्रिकाको दर्ता लिने र दुईचार अङ्क प्रकाशित गरेपछि सम्पादकलाई हटाएर आफै सम्पादक वन्ने गरेको पाइएको छ। यो प्रवृत्तितर्फ सम्वन्धित निकायको ध्यान जानसकेको देखिँदैन।

यसप्रकार, २०४६ सालपछिको मोरङ जिल्लाको पत्रपत्रिकाको स्थितिलाई सूक्ष्मतम् ढङ्गले विश्लेषण गर्दा धेरै पत्रिका केवल 'रहर' र 'रोजगार' का उद्देश्यवाट मात्र निस्केका देखिन्छन्। साथै कतिपय व्यक्ति अन्यत्र काम गर्ने र पत्रिकालाई 'साइड जव'का रूपमा लिने गर्नाले पनि यस पेसाप्रति उनीहरूको प्रतिवद्धता देखिँदैन। यथार्थतः पत्रिका निकालेर (आक्कलझुक्कल नै भएपनि) उनीहरू वैकल्पिक आयस्रोतको व्यवस्था र समाजमा आफूलाई चिनाउने प्रयत्न गर्नमा नै सीमित हुन्छन्। फेरि विश्लेषण गर्दा के पनि स्पष्ट हुन्छ भने कुनै एउटा पक्ष सवल भएर मात्रै पनि पत्रपत्रिकालाई व्यावसायिक रूपमा अघि लान सकिन्न। *उद्घोष, विराट नेशनल टाइम्स, श्रीदेउराली* र *चिरफार* यसका उदाहरण हुन्। मोफसलका पत्रिकाको समस्याका रूपमा चर्चा गर्ने गरिएको पाठकको कमी वास्तवमा पाठक वनाउन नसक्नाले मात्र देखिएको हो। कुन लक्षित वर्ग र क्षेत्रका लागि पत्रिका निकाल्ने भन्ने गृहकार्य पत्रिका निकाल्नु अघि नै गर्नुपर्नेमा त्यसतर्फ ध्यान जानसकेको देखिँदैन। वुटवल र धरानका केही पत्रिकाहरूले आफ्ना पाठक वनाएको तथ्य यहाँ उल्लेख गर्न अनुपयुक्त नहोला। माथि चर्चा गरिएका वाहेक मोरङमा व्यावसायिक पत्रकारिता फ़स्टाउन नसक्नुका केही कारक-तत्त्वलाई वुँदागत रूपमा यसरी औंल्याउन सकिन्छ–

१. व्यावसायिक सोच र संस्थागत प्रयासको अभाव
२. आवश्यकताअनुरूपको दक्ष जनशक्ति (पत्रकारिता पढेको वुझेको-भाषाको ज्ञान भएको) को अभाव
३. आर्थिक स्रोतको अभाव
४. केन्द्रीकृत सूचना प्रणालीका कारण सूचनाको समस्या
५. व्यवस्थापकीय सीपको कमी
६. सरकारको विज्ञापन नीति
७. महँगो सञ्चार सुविधा
८. निजी क्षेत्रको पत्रपत्रिकामा विज्ञापन दिन देखिएको उदासीनता
९. पत्रपत्रिका विभिन्न ठाउँमा पठाउन देखा पर्ने कठिनाइ र विक्री वितरणको समस्या
१०. केन्द्रीकृत पत्रिका मूल्याङ्कन परिपाटी
११. मोफसलका पत्रकारहरू विभिन्न अवसरवाट वञ्चित हुनुपर्ने विद्यमान स्थिति

मोरङ जिल्लामा व्यावसायिक किसिमवाट पत्रिका निकाल्नका लागि सवै पक्षको समन्वयात्मक खाँचो त छँदैछ। त्यसभन्दा अगाडि स्वयं मोरङ जिल्लाकै पत्रकारहरूको अग्रसरता आवश्यक छ। यो अग्रसरता आफूलाई विषयगत रूपमा जानकार एवं सक्षम वनाउँदै चारित्रिक उच्चता, कार्यगत दक्षता, पेसागत निष्ठता र प्रतिवद्धतावाट मात्र प्राप्त गर्न सकिन्छ।

अहिले मोरङ जिल्लाको विराटनगरबाट काठमाडौँका दुई ठूला दैनिकले आफ्नो प्रकाशन थालेका छन्। *नेपाल समाचारपत्र*ले २०५८ वैशाख १२ गतेदेखि र *कान्तिपुर*ले २०५८ जेठ २० गतेदेखि विराटनगरबाट आफ्नो प्रकाशन प्रारम्भ गरेपछि त्यहाँबाट निस्कने साना पत्रिकालाई बाँच्न झन् मुस्किल भएको छ। यस्तो स्थितिमा पत्रिकालाई एउटा व्यक्तिको उत्पादनको रूपमा नलिई सङ्गठित भएर व्यावसायिकतातर्फ जानुभन्दा अर्को विकल्प छैन। पाठकविना पत्रिकाको अस्तित्त्व हुँदैन। आफ्ना लागि पत्रिका छापेर पत्रिकालाई मागी खाने भाँडोमा रूपान्तरण गरेसम्म समाजबाट यो क्षेत्रले सम्मान र प्रतिष्ठा पनि प्राप्तगर्न सक्तैन। अन्त्यमा, पत्रकार खिलध्वज थापाको एक भनाइसाथ यो आलेख टुङ्ग्याउँछु- "नियमितः एउटा सग्लो साप्ताहिक पत्रिकामा निर्धारित आकार कम्तीमा ८ पृष्ठ हुनुपर्छ र त्यसको व्यवस्थापन, संयोजन, मुद्रण र वितरण गर्दा लाग्ने खर्च धेरैजसो पत्रपत्रिकाको विक्रीबाट असुल हुन सकेको छैन। मोफसलका पत्रपत्रिकामा विज्ञापन पनि उपलब्ध छैन र यदाकदा उपलब्ध हुने विज्ञापनको शुल्क पनि अत्यन्त न्यून छ। यस्तो अवस्थामा मोफसलका प्रकाशक-सम्पादकहरूले आफ्नो जीवन र पत्रिकामा लाग्ने खर्च कसरी धानिरहेका छन् भन्ने पक्ष एउटा रोचक अन्वेषणको विषय हुनसक्छ।"

## सन्दर्भ सामग्री


तिम्सिना, गोविन्द। २०३३। पत्रकारिताको दृष्टिले पूर्वाञ्चलको सेरोफेरो। *नेपालमा पत्रकारिता*। काठमाडौँः नेपाल पत्रकार सङ्घ।

थापा खिलध्वज। २०५७। मोफसलको पत्रकारिताः प्रभावकारिता र समस्या। *खबर*, मङ्सिर-पुस, पृ. ८-९।

दीक्षित, कमल (सं.)। २०३६। *मदनगौरव* (मदन पुरस्कार पुस्तकालयको पत्रिका सूची)। *नेपाली*, पूर्णाङ्क ३१।

देवकोटा, ग्रीष्मबहादुर। २०२४। *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास*। काठमाडौँः केशवप्रसाद लम्साल।

पाण्डे, युवराज, सं.। २०५५। *नेपाली पत्रकारिताको विकासक्रम*। काठमाडौँः प्रेस काउन्सिल नेपाल।

प्रधान, प्रमोद। २०४४। पत्रकारिताका दृष्टिले मोरङ जिल्ला। *केही अध्ययनः केही अनुसन्धान*, पृ. १०७-१५३। विराटनगरः कुमारबहादुर श्रेष्ठ।

प्रधान, प्रमोद। २०५६। व्यावसायिक पत्रकारिताको सन्दर्भमा मोफसलको चुनौती। नेपाल पत्रकार महासङ्घ र फ्रेडरिक इवर्ट स्टिफटुङ्गद्वारा वर्दियाको ठाकुराद्वारामा आयोजत 'एक्काइसौं शताव्दीका लागि व्यावसायिक पत्रकारिता' विषयक दुईदिने गोष्ठीमा प्रस्तुत कार्यपत्र। चैत।

भण्डारी, डा. गणेश । २०५५। पूर्वाञ्चलको पत्रकारिता र वर्तमान चुनौतीहरू। *पत्रकारिता र यसका चुनौतीहरू*। काठमाडौँः प्रेस काउन्सिल नेपाल।

भण्डारी, मोहन। २०५४। जिल्लास्तरीय समाचारपत्रहरूको समस्या र विकासको सम्भावना (कार्यपत्र)।


●